# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, कात्तिक २६ गते २०३१ साल

श्री ५ को सरकार

### प्रशासन व्यवस्था विभागको

### सूचना

श्री ५ को सरकारले मिति २०३१।४।६ को निर्णय अनुसार श्री झुलेन्द्रमान प्रधानलाई नेपाल शिक्षा सेवा शिक्षा मन्त्रालय अन्तर्गत त्रिचन्द्र क्याम्पसको राजपत्रांकित तृतीय श्रेणीको पदबाट सेवा परिवर्तन गरी प्र. जि. अ. को कार्यालय खोटाङको नेपाल प्रशासन सेवाको राजपत्रांकित तृतीय श्रेणीको शाखा अधिकृत पदमा पदस्थापन गरेको छ ।

आज्ञाले–
विष्णुप्रसाद खनाल
श्री ५ को सरकारको सचिव

५८२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार
## प्रशासन व्यवस्था विभागको
## सूचना

श्री ५ को सरकारले मिति २०३१।६।३ को निर्णय अनुसार श्री केदारशक्ति मास्केलाई १ वर्षको परीक्षण कालमा रहने गरी नेपाल लोकसेवा आयोगमा साईकोलजिष्ट (राजपत्रांकित तृतीय श्रेणी, नेपाल विविध सेवा) पदमा नियुक्ति गरेको छ ।

आज्ञाले–
विष्णुप्रसाद खनाल
श्री ५ को सरकारको सचिव

## भूलसुधार

मिति २०३१।६।२१ को नेपाल राजपत्र संख्या २६ भाग ३ मा प्रकाशित बझाङ स्टल विमानस्थल निर्माणको लागि जग्गा प्राप्ति सम्बन्धमा प्रकाशित निर्माण तथा यातायात मन्त्रालय-को सूचनाको बीसौं हरफमा "कि. नं. ४७ को ४–१८–२" हुनुपर्नेमा कि. नं. "४७" छुट हुन गएकोले सो थपी संशोधन गरिएको छ ।

श्री ५ को सरकारको छापाखाना

२८४



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।